आज मिति २०८१ साल असार ८ गते शनिवारका दिन विहान ८.३० बजे यस नगरपालिकाका प्रमुख श्री सुरेन्द्र श्रेष्ठको अध्यक्षतामा देहायको उपस्थितिमा नगरकार्यपालिकाको २५ औ बैठक बस्यो ।

तपसिल

क्र.स	पद	नाम ,थर	हस्ताक्षर
१	प्रमुख	श्री सुरेन्द्र श्रेष्ठ	उपस्थिति
२	उप प्रमुख	श्री बिजय कृष्ण श्रेष्ठ	उपस्थिति
३	वडा अध्यक्ष,वडा नं.१	श्री बाबुकाजी डंगोल	उपस्थिति
४	वडा अध्यक्ष,वडा नं.२	श्री श्रीकृष्ण श्रेष्ठ	उपस्थिति
५	वडा अध्यक्ष,वडा नं.३	श्री कृष्णहरी आर्चाय	उपस्थिति
६	वडा अध्यक्ष,वडा नं.४	श्री बालकृष्ण (पात्या) श्रेष्ठ	उपस्थिति
७	वडा अध्यक्ष,वडा नं.५	श्री बालकृष्ण श्रेष्ठ	उपस्थिति
८	वडा अध्यक्ष,वडा नं.६	श्री ज्ञान दाश प्रजापति	उपस्थिति
९	वडा अध्यक्ष,वडा नं.७	श्री कृष्ण कुमार प्रजापति	उपस्थिति
१०	वडा अध्यक्ष,वडा नं.८	श्री रमेश थापा श्रेष्ठ	उपस्थिति
११	वडा अध्यक्ष,वडा नं.९	श्री सानु काजी राजबहाक	उपस्थिति
१२	कार्यपालिका सदस्य	श्री सरस्वती खड्का	उपस्थिति
१३	कार्यपालिका सदस्य	श्री सिता विश्वकर्मा	उपस्थिति
१४	कार्यपालिका सदस्य	श्री शर्मिला विश्वकर्मा	उपस्थिति
१५	कार्यपालिका सदस्य	श्री उजला थापा श्रेष्ठ	उपस्थिति
१६	कार्यपालिका सदस्य	श्री तुईल माया चक्रधर	उपस्थिति
१७	कार्यपालिका सदस्य	श्री सरोज परियार	उपस्थिति
१८	कार्यपालिका सदस्य	श्री जसे सार्की	अनुपस्थित
१९	कार्यपालिका सदस्य	श्री बालकृष्ण परियार	उपस्थिति
२०	सदस्य–सचिव	श्री राम बहादुर के.सी	उपस्थिति

आमन्त्रित

१	महाशाखा प्रमुख	श्री केशब सिलवाल	उपस्थिति
२	महाशाखा प्रमुख	श्री सत्य नारायण साह	उपस्थिति
३	महाशाखा प्रमुख	श्री तुल्सी भक्त तको	उपस्थिति
४	ब. कम्प्युटर सहायक	श्री सन्दिप प्रजापति	उपस्थिति
५	अ.छैठौ	श्री कृष्ण सुन्दर थापा मगर	उपस्थिति
६	ब.ले.अ	श्री सुमित्रा पौडेल	उपस्थिति

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

छलफलका विषयहरुः

१. मिति २०८१। ०३।१० गते हुने नगर-सभा तयारी सम्वन्धमा।

२. २.आर्थिक वर्ष २०८१।२०८२ को नीति तथा कार्यक्रम , योजना र वजेट सम्वन्धमा।

३. विविध ।

निर्णय नं. १: यस नगरपालिकाको मितिः २०८१। ०३।१० गते बस्ने नगर-सभा तयारीको सम्वन्धमा बैठकमा जानकारी भयो।

निर्णय नं. २: २०८१ साल असार १० गते सोमवार विहानः ८.०० बजे कृषि बिकास बैंक केन्द्रीय तालिम परिषद सिन्टिटार ,बोदेमा बस्ने दशौ नगर सभाको अधिवेशनमा नगर प्रमुखबाट सम्बोधित हुने आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रम देहाय बमोजिम हुने गरी स्विकृतका साथ नगर सभामा सिफारिस गर्ने निर्णय गरियो।

तपसिल

मध्यपुर थिमि नगरपालिकाका उपप्रमुख,

प्रमुख प्रशासकीय अधिकृत,

नगर सभाका सदस्यहरु,

राष्ट्रसेवक कर्मचारीहरु, सञ्चारकर्मी मित्रहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरु ।

यस नगरपालिकाको आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रम सम्मानित नगर सभामा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ।यस अवसरमा देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न तथा नागरिकलाई सार्वभौम एवं अधिकार सम्पन्न बनाउने अभियानमा जीवनको आहुति दिनु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति उच्च सम्मान व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु।नेपालको संविधानले परिकल्पना गरेको शासकीय संरचना र सेवा प्रवाहलाई जनताको घरदैलोसम्म पु-याउने नागरिकको नजिकको सरकार स्थानीय तह हो।

स्थानीय सरकारका रूपमा यो नीति तथा कार्यक्रम प्रस्तुत गरी रहँदा नेपालको संविधान २०७२ ले परिलक्षित गरेका निर्देशक सिद्धान्त तथा नीतिहरु, दिगो विकासका लक्ष्य २०३० ले निर्धारण गरेका क्षेत्रहरु, स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन र खरिद नियमावली, आर्थिक प्रशासन नियमावलीले निर्दिष्ट गरेका व्यवस्थाहरु, प्रचलित कानूनहरु यस नगरपालिकाको दीर्घकालीन सोच, राष्ट्रिय योजना आयोगको वजेट

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

तर्जुमा सम्वन्धी मार्गदर्शन र निर्देशन, नियमक निकायहरुबाट प्राप्त निर्देशनहरु समेतलाई आधार लिई तीन तहका सरकारका बीचको समन्वय, सहकार्य, सहअस्तित्व समेतलाई ध्यान दिइएको छ।

यस नगरपालिकालाई सांस्कृतिक जीवन्त शहरका रुपमा विकास गर्नको लागि केहि महत्वपूर्ण नीति तथा कार्यक्रमहरु यस सम्मानित नगर सभामा प्रस्तुत गरी रहँदा गौरवको अनुभूति गरी रहेको छु।

"हाम्रो कला, हाम्रो संस्कृतिः मध्यपुर थिमि, हाम्रो सम्पत्ति" भन्ने मूल नारालाई आत्मसाथ गरी समग्र नगरको विकासको सोच, लक्ष्य, उद्देश्य, अवसर र चुनौतीलाई प्रष्ट रूपमा निर्धारण गरी नगरपालिका अगाडि बढिरहेको छ। नगरको समस्या र चुनौतीका बीच जनप्रतिनिधिहरुको प्रतिबद्धता र साझा अठोट, राजनीतिक दलहरुबीच समन्वय, समझदारी र सहकार्य, राष्ट्रसेवक कर्मचारीहरुको लगनशीलता, इमान्दारिता, अनुशासन र सुशासन कायम गर्ने प्रतिवद्धता, निजी क्षेत्रको सहयोग, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्थाहरुको विकास प्रक्रियामा सहभागिताले मात्रै सांस्कृतिक विविधतायुक्त यो सहरलाई जीवन्त र सुन्दर सहर बनाउन सम्भव छ। नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरू राष्ट्रियता, लोकतन्त्र, समाजवाद, सुशासन र जनस्वास्थ्यको प्रत्याभूति गरी आर्थिक विकासको सार्थकता प्राप्त गर्न क्रियाशिल रहेका छन्। गत आर्थिक वर्षमा तर्जुमा गरिएका नीति, कार्यक्रम तथा बजेटको मर्मको समिक्षा गर्दै सिमित साधन श्रोतलाई अधिकत्तम उपयोग गर्ने गरी जनप्रतिनिधीहरूसँग जनताका अपेक्षा एंव घोषणा पत्र मार्फत जनतासँग गरिएका प्रतिवद्धता समेतलाई ध्यानमा राखी जनताको प्राप्त अभिमतलाई सार्थक परिणाममा रुपान्तरण गर्न आगामी आ.व. २०८१।०८२ को बजेट तर्जुमा गर्दा देहायका क्षेत्रहरुलाई प्राथमिकतामा राखी कार्य अगाडी बढाइने छ।

आगामी आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका आधार र प्राथमिकताहरु निम्नानुसार निर्धारण गरेको छु।

१. संविधानले स्थानीय सरकारलाई तोकेका दायित्व तथा अधिकार, राज्यका नीति तथा सिद्धान्तहरु।

२. सोह्रौं (पञ्चवर्षीय) योजनाले निर्धारण गरेको लक्ष्य, नीति तथा प्राथमिकताहरु।

३. नेपाल सरकारको बजेट, योजना, नीति तथा कार्यक्रमहरु।

४. वागमती प्रदेश सरकारको बजेट, योजना, नीति तथा कार्यक्रमहरु।

५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

६. निर्वाचनमा जनतासँग गरिएका घोषणा पत्र तथा प्रतिवद्धताहरु।

७. विभिन्न विषयगत समिति, वडा समिति र सरोकारवाला समुहहरुबाट प्राप्त राय सुझाव।

८. नेपाल सरकारले दीगो विकासका लक्ष्य, मानव अधिकार, बाल अधिकार, महिला अधिकार लगायतका अन्तरराष्ट्रिय स्तरमा जनाएका प्रतिवद्धता।

९. नगरपालिकाले स्वीकृत गरेका ऐन, नियमावली, निर्देशिका, नीति तथा कार्यविधिहरु।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

नीति तथा कार्यक्रमको प्राथमिकताका क्षेत्र :

१. सुशासन तथा गुणस्तरीय सार्वजनिक सेवा प्रवाह

२. शिक्षा, स्वास्थ्य र खेलकुद

३. सामाजिक समावेशीकरण

४. कृषि तथा पशुपन्छी विकास

५. उद्योग, वाणिज्य, सहकारी तथा रोजगारी प्रबर्द्धन

६. वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

७. कला, संस्कृति, सम्पदा तथा पर्यटन प्रवर्द्धन

८. पूर्वाधार विकास

९. सूचना प्रविधि

उपस्थित नगरसभा सदस्यज्यूहरु,

अब म यस आर्थिक वर्ष २०८१।०८२ को लागि प्रस्तावित विषयगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु।

मुख्य मुलभूत नीति तथा कार्यक्रमहरुः

१. नगरपालिकाबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई थप व्यवस्थित, नतिजामूलक र प्रभावकारी बनाउनको लागि मध्यपुर थिमि नगरपालिका वडा नं. ५ स्थित जलाखुमा नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्य चालु आर्थिक वर्षमा नै शुरु गरिनेछ।

२. नेपाल भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्दै लगिनेछ।

३. मौलिक स्थान-नाम अभिलेखीकरण तथा पुनःस्थापना अभियानलाई तिब्रताका साथ निरन्तरता दिईनेछ।

४. नगरपालिकाबाट भवन निर्माण रोक्का राखिएका क्षेत्रहरुको सम्बन्धमा व्यवस्थित वस्ती विकासको सम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा चालु आ.व. बाटै शुरुवात गरी क्रमश वस्ती विकास गर्दै लाने नीति लिईनेछ।

५. सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, जिम्मेवार तथा नतिजामूलक बनाई सार्वजनिक सेवा प्रवाहलाई थप जनमैत्री एवं प्रभावकारी बनाइनेछ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७२

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

६. नगरपालिकाको नीति तथा योजनाहरु कार्यान्वयन गर्न नगरवासीलाई सेवा प्रदान गर्न आवश्यकताका आधारमा नयाँ कानून तर्जुमा गर्नुका साथै मौजुदा कानूनलाई आवश्यकता र औचित्यका आधारमा संशोधन गरिनेछ।

७. विद्यालय शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी, प्रतिस्पर्धी र प्रविधि मैत्री बनाउँदै लगिनेछ।

८. गुणस्तरीय स्वास्थ्य सेवामा सम्पुर्ण नागरिकको पहुँच सुनिश्चित गर्दै लगिनेछ। यसका लागि स्वास्थ्य वीमा कार्यक्रम, निःशुल्क औषधी वितरण कार्यक्रम, Free Blood अभियानको निरन्तरता, स्वास्थ्य शिविर, जेष्ठ र अशक्त नागरिकको स्वास्थ्य परीक्षण लगायतका कार्यक्रमहरु सँगै प्राकृतिक चिकित्सा सेवा समेतलाई घरदैलोमा सञ्चालन गरिनेछ।

९. नगरपालिकाको एकीकृत, सन्तुलित, दीगो र योजनाबद्ध विकासका लागि आवधिक योजना तथा मध्यकालीन खर्च संरचना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१०. शहरी सौन्दर्यता र आम नागरिकको सुरक्षा संवेदनशीलतालाई दृष्टिगत गरी अव्यवस्थित तारलाई व्यवस्थापन गर्ने नीति लिइनेछ।

११. दीगो विकासका लक्ष्य (SDG) हासिल गर्नका निम्ति सूचकहरुका आधारमा कार्ययोजना बनाई नगरपालिकाको नीति तथा कार्यक्रममा यसलाई आन्तरिकीकरण गरिनेछ।

१२. नगरवासीहरुलाई सहजता प्रदान गर्न करको दायरा विस्तार अभियानलाई निरन्तरता दिईनेछ।

१३. विपद्लाई न्यूनीकरण र व्यवस्थापन गर्नको लागि आवश्यक नीति अवलम्बन गरिनेछ।

१४. नगरपालिका भित्रका सार्वजनिक जग्गाको पहिचान, सिमाङ्कन र संरक्षण गरिनेछ।

१५. नगरपालिकाको प्राथमिकता प्राप्त योजना तथा कार्यक्रम सञ्चालन गर्न निजी क्षेत्र, गैरसरकारी संस्था र सामाजिक संघसंस्थाहरुसँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

१२. सुशासनलाई संस्थागत गर्नको लागि भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।

१३. सूचना र प्रविधिको उच्चतम प्रयोग गरी सेवा प्रवाहलाई सहज बनाउन, जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्कमा रहने सार्वजनिक निकायहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गरिनेछ।

१४. सार्वजनिक सेवा प्रवाहलाई अनलाईनको माध्यमद्वारा कार्यसम्पादन गरी Paper Less गर्ने नीति अवलम्बन गरिनेछ।

१५. नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा दिवा खाजालाई व्यवस्थित गर्नको लागि केन्द्रीकृत भान्छा घर (Central Kitchen) सञ्चालनमा ल्याईनेछ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७२

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

१६. मध्यपुर थिमि नगरपालिका क्षेत्र भित्र मनाइने ऐतिहासिक, सांस्कृतिक एवं परम्परागत विस्काः जात्रा, जिब्रो छेड्ने जात्रा, निलबाराही गण नाच, भैरव नाच, महाकाली नाच, पुलुकिसि नाच लगायतका जात्रा चाड पर्वहरुलाई पर्यटन प्रवर्द्धनार्थ राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा प्रचार प्रसार गरी थप व्यवस्थित गरिनेछ।

१७. ऐतिहासिक एवं परम्परागत जात्रा, चाडपर्व, पुजा, संस्कृतिलाई व्यवस्थित रुपमा सञ्चालन गर्न कार्यविधि निर्माण गरिनेछ।

१८. नगर क्षेत्र भित्रका सम्पूर्ण टोल वस्तीहरुमा नियमित रुपमा फोहोरमैला संकलनको व्यवस्था मिलाई अरनिको राजमार्ग लगायतका अन्य सडकको दायाँबायाँ र विभिन्न पार्क एवँ सामुदायिक वन क्षेत्रहरुमा व्यवस्थित रुपमा वृक्षारोपण र वातावरण संरक्षण गरी हरियाली प्रवर्द्धन गर्दै सौदर्यकरण गरिनेछ।

१९. मध्यपुर थिमि नगरपालिका भित्रका सार्वजनिक स्थानहरुमा आवश्यकताका आधारमा सुविधाजनक सार्वजनिक शौचालय निर्माण गर्ने नीति लिईनेछ।

२०. मध्यपुर थिमि नगरपालिका भित्रका सार्वजनिक स्थानहरुमा शुद्ध खानेपानीको व्यवस्था गर्ने नीति लिईनेछ।

२१. पिछडिएको क्षेत्र, विपन्न समुदाय, दलित, महिला, आदिवासी जनजाति लगायत उत्पिडित वर्गहरुलाई राज्यको मूल प्रवाहमा समाहित गर्न समावेशीकरण, क्षमता विकास तथा सशक्तीकरणको नीति अवलम्बन गरिनेछ।

२२. नगरपालिका र अन्तर्गतका कार्यालयहरुमा आवश्यक पर्ने सामाग्रीहरु सम्भव भए सम्म स्थानीय स्तरबाट उत्पादन भएका सामग्रीहरुको प्रयोग गर्ने नीति लिईनेछ।

२३. दुनेगः, विष्णुवीर, विष्णुकुण्डल, सिद्धिकाली, नगदेश, कुमारी पार्क, बोदे हुदैं निलबाराही सम्म सम्पदा मार्गलाई विस्तार गरी पर्यटकीय गन्तव्य निर्माण गर्ने नीति लिईनेछ।

२४. नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालमा संस्थागत क्षमता विकास गर्दै लगिनेछ।

२५. नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालमा सुविधा सम्पन्न भौतिक संरचना निर्माण तथा दक्ष जनशक्तिहरुको व्यवस्थापन गरी आवश्यकताका आधारमा सेवा विस्तार गर्ने व्यवस्था मिलाईनेछ।

२६. कृषि तथा पशुपालन व्यवसायलाई प्रविधिमैत्री बनाईदै लगिनेछ।

२७. मध्यपुर थिमि नगरपालिका भित्र सञ्चालित सहकारी संस्थाहरुको आधुनिकीकरण गर्दै विश्वसनीय तथा गुणस्तरीय सेवा प्रवाहमा जोड दिदैं उचित व्यवस्थापन गरिनेछ।

२८. मध्यपुर थिमि नगरपालिकाको परम्परागत तथा ऐतिहासिक क्षेत्रहरुमा भवन निर्माणलाई एकरुपता कायम गर्न नीति अवलम्बन गरिनेछ।

स्थानीय सरकार संचालन ऐन २०७४
मध्यपुर थिमि नगरपालिका

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

२९. नगरवासीलाई गुणस्तरीय सेवा तथा उपभोग्य वस्तु प्राप्त गर्ने अधिकार सुनिश्चतताको लागि आवश्यक नीति अवलम्बन गरिनेछ।

३०. हनुमन्ते खोलाको करिडोर विस्तार, क्षतिपूर्ति, तथा खोला सिमाङ्कन गर्ने विषयमा सरोकारवाला निकायहरुसँग समन्वय गरी प्रक्रिया अगाडी बढाईनेछ।

३१. पर्यटन प्रवर्द्धनलाई प्रभावकारी बनाउनको लागि चालु आ.व.मा नै मध्यपुर महोत्सव सञ्चालन गरिनेछ।

३२. सार्वजनिक सेवा प्रवाहलाई नतिजामूलक तथा थप प्रभावकारी बनाउन नापी, मालपोत लगायतका अन्य सरकारी कार्यालयबाट हुने कार्यसम्पादनलाई नगरपालिका क्षेत्रबाटै गर्ने गरी आवश्यक पहल गर्ने नीति अवलम्बन गरिनेछ।

३३. मध्यपुर थिमि नगरपालिका भित्रका सार्वजनिक स्थान, पार्क लगायतको संरक्षण, उपयोग र सुरक्षा लगायतका सम्वन्धी कार्यहरु स्थानीय उपभोक्ता, संघ संस्था लगायतका निजी क्षेत्रको साझेदारीमा प्रचलित कानून बमोजिम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

३४. स्थानीय (खाद्य तथा पेयपदार्थ) घरेलु उत्पादनलाई प्रवर्द्धन गर्ने नीति लिईनेछ ।

उपस्थित नगरसभा सदस्यज्यूहरु

नगरसभा सदस्यज्यूहरु अव म आ.व. २०८१।०८२ मा नगरपालिकाले विषयगत र महाशाखागत र शाखागत अवलम्बन गर्ने नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहान्छु।

सुशासन र संस्थागत विकास

सुशासन

१. नगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा, विकास कार्यहरुको प्रभावकारी अनुगमनको कडाईका साथ लागु गरिनेछ । नगरपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई स्वच्छ, पारदर्शी र सेवाग्राही मैत्री बनाइनेछ साथै कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनका आधारमा दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ।

२. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।

३. सबै वडा कार्यालयहरुमा सुचना अधिकारी, हेल्प डेक्सको व्यवस्था गरिनेछ।

४. नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

५. नगरवासीलाई छिटो–छरितो रुपमा न्याय प्रदान गर्नका लागि चालु आ.व. भित्र सबै वडा कार्यालयमा मेलमिलाप केन्द्र स्थापना गरिनेछ।

६. नगरपालिकाको सेवा प्रवाहसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिका, मार्गदर्शन, दिग्दर्शन आदि तयार गरी लागू गरिनेछ।

७. नगर प्रहरीको सेवालाई शसक्त र प्रभावकारी बनाउन क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

८. सूचना र प्रविधिको उच्चतम प्रयोग गरी सेवा प्रवाहलाई सहज तथा छिटो छरिटो बनाउन, जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गरिनेछ।

शासन तथा जनशक्ति विकास

१. यस नगरपालिका अन्तर्गत बसोबास गर्ने विभिन्न क्षेत्रमा विज्ञता प्राप्त व्यक्तित्वहरूको पहिचान गरी उनीहरूको ज्ञान, सिप, क्षमता र अनुभवलाई नगरपालिकाको सर्वाङ्गीण विकासमा पूर्ण उपयोगको लागि विज्ञ समूह गठन गरिनेछ।

२. सेवाग्राहीलाई कुनै असहजता भएमा प्रत्यक्ष सम्पर्क गर्ने गरी गुनासो सुन्ने, सूचना उपलब्ध गराउने, सहजीकरण गर्ने आदि कार्यका लागि नागरिक सहायता कक्ष सञ्चालन गरिनेछ।

३. नगरपालिकामा कार्यरत सेवा करारका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ।

४. देश भित्रका र देश बाहिरका स्थानीय तहहरुसँग भगिनी सम्बन्ध कायम गर्दै पारस्परिक रुपमा सहयोग आदन प्रदान गर्दै लगिनेछ।

५. नगरवासीलाई राष्ट्रिय परिचयपत्र सहजरुपमा उपलब्ध गराउन नगरपालिकामै राष्ट्रिय परिचयपत्र स्टेशन स्थापना गरी तत्कालै कार्य प्रारम्भ गरिनेछ।

सूचना प्रविधि

१. नगरपालिकाबाट प्रवाह हुने सेवाहरूलाई डिजिटल माध्यमबाट पोर्टलहरू, मोबाइल एप्लिकेशनहरू प्रयोगमा ल्याईने नीति अवलम्बन गरिनेछ।

२. सूचना प्रविधिमा देखिएका समस्याहरु समाधान गर्न अनुसन्धान, प्रतिकार्य तथा जनचेतना अभिवृद्धि कार्यलाई प्रभावकारी बनाउन साइबर सुरक्षाको नीति अवलम्बन गरिनेछ।

३. सूचना प्रविधिको क्षेत्रमा दक्ष जनशक्ति उत्पादन तथा अध्ययन अनुसन्धान गर्न IT Lab स्थापना गर्ने नीति अवलम्बन गरिनेछ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

४. नगरपालिका सम्बन्धित जानकारी जनस्तर सम्म पुर्याउन सञ्चार माध्यम संग समन्वय र सहकार्य गरिनेछ।

आर्थिक प्रशासन

१. आर्थिक अनुशासन तथा मितव्ययिता कायम गर्ने नीति अवलम्वन गरिनेछ।

२. नगरपालिकाबाट सम्पादन हुने कार्यलाई छिटो, छरितो, पारदर्शी तथा गुणस्तरयुक्त ढंगबाट सम्पादन गर्नको लागि भुक्तानी प्रणालीलाई थप व्यवस्थित गर्ने नीति लिईनेछ।

राजस्व

१. निजी, अर्धसरकारी निकाय तथा संघसंस्था लगायत अन्य व्यवसायहरुलाई अनिवार्य रुपमा करको दायरामा ल्याउने नीति अवलम्बन गरिनेछ।

२. दिगो श्रोत व्यवस्थापनको लागी कर तथा गैर राजस्व अनुपातमा कर राजस्वको अंशवृद्धि गर्दै आन्तरिक राजस्वलाई भरपर्दो र दीगो श्रोतको रूपमा स्थापित गरिनेछ।

३. करदातालाई कर तथा लेखाङ्कन प्रणालीका बारेमा ज्ञान अभिवृद्धि गर्न स्थानीय व्यवसायी, करदाता तथा व्यवसायी संघसंस्थाहरूसँगको सहकार्यमा ज्ञानवर्धक, जानकारीमूलक र सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४. करको दायरा फराकिलो पार्न अभियानात्मक, प्रचारात्मक र उत्प्रेरणात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

५. वहाल करमा बहुदर प्रणाली लागु गरी आवासीय प्रयोजनका लागि बहालमा लगाई बहाल आम्दानी गरिरहेका घर धनीहरूलाई समेत व्यापक रूपमा करको दायरामा समेटिने छ। सम्पत्ति कर, भूमिकर, व्यवसाय कर र वहाल करमा निश्चित अवधिसम्म कर छुट तथा जरिवाना छुटको व्यवस्था गरी समयमै र नियमितरूपमा कर तिर्न करदातालाई प्रोत्साहित गरिनेछ।

६. अनलाईन भुक्तानी प्रणालीको प्रयोग प्रभावकारी हुदैं गएको सन्दर्भमा कर तथा राजस्व सङ्कलनमा सूचना प्रविधिको अधिकतम प्रयोगमा जोड दिई करदाता मैत्री कर प्रशासनको विकास गरी लागू गर्ने नीति लिईनेछ।

७. वक्यौता कर अनिवार्य रुपमा असुली गर्ने र वक्यौता कर नतिर्ने व्यवसायीलाई प्रचलित कानून बमोजिम कारवाहीको प्रक्रिया अगाडी बढाइने नीति अवलम्बन गरिनेछ।

कानून तथा फैसला कार्यान्वयन

१. स्थानीय तहमा कानून तर्जुमा तथा कार्यान्वयन गर्दा विधिको शासनलाई अवलम्बन गरिनेछ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

२. न्यायीक सम्पादनलाई थप प्रभावकारी बनाउन आवश्यक नीतिको अवलम्बन गरिनेछ।

३. सूचना प्रविधिको प्रयोगबाट न्यायीक सम्पादनको कार्यलाई सरल, सहज र पहुँच योग्य बनाइनेछ।

पूर्वाधार विकास

पूर्वाधार विकास तर्फ

१. सडक तथा भौतिक पूर्वाधारको लागि सिमाङ्कन गरी DPR तयार पश्चात मात्रै वजेट विनियोजन गरी कार्यान्वयनमा लगिनेछ।

२. संघ, प्रदेश लगायतका निकायहरुबाट नगरपालिका क्षेत्रभित्र संचालन हुने योजनाहरु नगर गुरुयोजना र योजना बैंकमा भएको प्राथमिकता अनुसार मात्र सिफारिस गरिनेछ।

३. नगरपालिका क्षेत्रभित्रका सडक पूर्वाधार लगायतका योजनाहरुलाई वातावरण मैत्री बनाइनेछ र यस्ता स्थानहरुमा हरियाली व्यवस्थापनलाई जोड दिइनेछ।

४. पर्यटन पूर्वाधार गुरुयोजना अनुसार निर्माण कार्य अगाडी बढाईनेछ।

५. वातावरणीय सुधार एवम् जमिन मुनिको पानी पुनर्भरणका लागि विज्ञहरुको राय सुझावको आधारमा आवश्यक नीति अवलम्बन गरिनेछ।

६. गुणस्तर परीक्षणका लागि नगरपालिकाको आफ्नै प्रयोगशाला स्थापना तथा संचालन गर्ने नीति लिइनेछ।

भवन निर्माण

१. भवन नभएका वडा कार्यालयहरूको नयाँ भवन निर्माण तथा जीर्ण भएका सामुदायिक विद्यालयका पुराना भवन मर्मत कार्यलाई प्राथमिकतामा राखिनेछ।

२. मध्यपुर थिमि नगरपालिका घोषणा भए देखि २०७४ साल सम्मका घर नक्शाहरु डिजिटाईजेसन कार्य सम्पन्न भईसकेको र बाँकी घर नक्शाहरुलाई पनि डिजिटाईजेसन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

सडक

१. बाटो कालोपत्रे गर्ने, ढलान गर्ने र ब्लक छाप्ने कार्य साथै ढल निकासको लागि ५०-५० प्रतिशत लागत सहभागिताको कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ। साथै ८०-२० प्रतिशत जनसहभागितामा आधारित कार्यक्रमलाई निरन्तरता दिइनेछ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

२. मर्मत सम्भार कोषबाट विग्रेका भत्केका पूर्वाधार तत्काल निर्माण गर्न द्रुत कार्य सहयोगी टोली परिचालन गरिने कार्यलाई निरन्तरता दिईनेछ।

शहरी विकास

१. नगरपालिकाको भौतिक पूर्वाधार सम्बन्धी प्रोफाइल तयार गरिनेछ।

२. सिन्टिटार तथा कमेरोटार जग्गा एकीकरण आयोजनामा बाँकी रहेका कार्यहरुको कार्ययोजना बनाई सञ्चालन तथा हस्तान्तरण गर्ने प्रक्रिया अगाडि बढाइनेछ।

योजना, अनुगमन तथा मूल्याङ्कन

१. क्रमागत योजना, अधुरा योजनाहरू तथा कम लागतमा मर्मत सम्भार गरी पुनःसञ्चालनमा ल्याउन सकिने योजनालाई पहिलो प्राथमिकता दिइनेछ।

२. नगद लागत सहभागिता जुटने आयोजनालाई प्राथमिकता दिइनेछ ।

३. पूर्वाधार लगायत आपसी सहकार्य र समन्वयका विषयहरूमा अन्य स्थानीय तहसँग समन्वय गरी संयुक्त समिति गठन गरी साझेदारीमा कार्य गरिनेछ।

४. उत्कृष्ट कार्यसम्पादन गर्ने उपभोक्ता समिति / निर्माण व्यवसायीलाई पुरस्कृत गरिने नीतिलाई निरन्तरता दिइनेछ।

भूमिसुधार नीति

१. नगरपालिका भित्रका सार्वजनिक, सरकारी, पर्ती लगायत अन्य जग्गाको पहिचान, सिमाङ्कन र संरक्षण गरिनेछ।

२. स्ववासी जग्गाको नक्शाङ्कन तथा पुर्जा वितरण कार्यलाई समन्वयात्मक रुपमा थप प्रभावकारी बनाइनेछ।

सिचाई तथा ऊर्जा

१. मध्यपुर उज्यालो अभियान अन्तर्गत नगर क्षेत्रका सडक तथा सम्पदा क्षेत्रहरुमा सडक वत्तीको व्यवस्था गरिनेछ।

२. खेती योग्य जमिनमा अत्याधुनिक प्रविधिवाट सिचाई सुविधाको कार्य अगाडि बढाइनेछ।

वातावरण,सरसफाई तथा फोहरमैला व्यवस्थापन

१. स्वच्छ, सफा र हरियाली प्रवर्द्धन अभियानलाई निरन्तरता दिइनेछ। टोलसुधार समिति/ टोल विकास संस्था, महिला समूह लगायत सामाजिक संघ-संस्थाको सहभागिता र सक्रियतालाई प्रोत्साहित गरी

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

निजी क्षेत्र र गैह्रसरकारी क्षेत्रसँगको सहकार्य र सहभागितामा फोहोरमैला व्यवस्थापन गर्ने नीति लिइने छ।

२. नगरक्षेत्रको फोहोरमैला व्यवस्थापनका लागि फोहोर मैलाको अन्तिम विसर्जन स्थलको खोजी गरिनेछ।

३. सार्वजनिक निजी साझेदारीमा नगर क्षेत्र भित्रका अरनिको राजमार्ग लगायतका अन्य सडक तथा बाटोको दायाँबायाँ र विभिन्न पार्क एवँ सामुदायिक वन क्षेत्रमा वृक्षारोपण र वातावरण संरक्षण गरी हरियाली प्रवर्द्धन गर्दै सौन्दर्यीकरण गरिनेछ।

४. सामुदायिक वन क्षेत्र भित्र परम्परागत जडिबुटीको बोट बिरुवाको वृक्षारोपण कार्यलाई प्रोत्साहित गरिनेछ।

५. बाढी, पहिरो, भू-क्षय जस्ता प्रकोपबाट बर्षेनी हुने गरेको धन जनको क्षति न्यूनीकरणका लागि प्रदेश तथा संघीय सरकार र साझेदार संस्थाहरू बीच समन्वय गरी संरक्षणका कार्यक्रमहरू अगाडि बढाइनेछ।

६. नगरपालिका क्षेत्र भित्र संचालित उद्योगहरुलाई वातावरणमैत्री बनाउने नीति अवलम्बन गरिनेछ।

७. फोहोरमैलाको उत्पादनमा न्यूनीकरण, प्रशोधन र पुनःप्रयोग लगायतका विधि मार्फत फोहोरमैला व्यवस्थापनको कार्यलाई अगाडि बढाइनेछ। फोहरको श्रोतमा नै वर्गीकरण गरी वर्गिकृत फोहर अनुसार छुट्टाछुट्टै संकलन गर्ने व्यवस्था मिलाईनेछ।

८. फोहोरमैला व्यवस्थापनको लागि नगरस्तरीय योजना तय गरी उपयुक्त स्थानमा फोहोर सङ्कलन केन्द्रको लागि सम्भाव्यता अध्ययन गरिनेछ।

९. हनुमन्ते र मनोहरा नदी नियमित रुपमा सरसफाई गर्न व्यवस्था मिलाईने छ।

१०. नगरपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरूबाट निस्कने चिकित्साजन्य फोहरमैला वैज्ञानिक ढंगले व्यवस्थापन गर्न नेपाल सरकार, बागमती प्रदेश सरकार तथा निजी संघ संस्थासँग सहकार्य गरिनेछ।

११. नगर क्षेत्रका ऐतिहासिक, सांस्कृतिक एवं पुरातात्विक महत्वका सम्पदा भएको स्थान र अन्य सार्वजनिक महत्वका स्थानहरुमा दैनिक रुपमा फोहर संकलन गरी व्यवस्थापन गरिनेछ।

१२. नगरपालिका क्षेत्र भित्रका दाह संस्कार गर्ने स्थान र माटोको भाँडोकुँडा पोल्ने स्थानलाई वातावरण मैत्री हुने गरी सञ्चालनमा ल्याईनेछ।

१३. स्वच्छ हावा प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालनमा ल्याईने छ।

खानेपानी तथा सरसफाई

१. खानेपानीको स्रोत र मुहान संरक्षण गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७२

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

२. स्वच्छ र शुद्ध खानेपानीको सहज आपुर्तिको व्यवस्था गरिनेछ।

जलस्रोत तथा भू-संरक्षण

१. नगर क्षेत्रभित्रका पानीका श्रोतहरू पहिचान गरी संरक्षण गरिनेछ।

२. बाढी पहिरोको रोकथाम तथा नियन्त्रणका लागि प्रदेश र संघीय सरकारका निकाय तथा गैह्रसरकारी निकायसँग समन्वय गरी विशेष कार्यक्रम लागू गरिने छ।

विपद् व्यवस्थापन

१. विपदमा परेका नगरवासीहरूलाई तत्काल उद्धार तथा राहत सामाग्री वितरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ। साथै नगरपालिका क्षेत्र भित्र एम्वुलेन्स, शव बाहन तथा दमकलको सहज व्यवस्था मिलाईने छ।

२. नगरपालिकामा रहेको विपद् व्यवस्थापन कोष तथा विपद् न्यूनीकरणमा संलग्न साझेदार संस्थाहरूको सहयोगमा प्रकोप उद्धार सामग्री खरिद तथा प्रकोप न्यूनीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ। प्रत्येक वडामा विपद् व्यवस्थापन अन्तर्गत खोज तथा उद्धार सामग्री भण्डारणको व्यवस्था मिलाईनेछ।

३. हनुमन्ते र मनोहरा नदीको बहाव क्षेत्र अवरोध भई हुन सक्ने डुवान नियन्त्रणको कार्ययोजना बनाई कार्यान्वयनमा लगिनेछ।

सामाजिक विकास

शिक्षा क्षेत्र:

१. मध्यपुर थिमि नगरपालिकाबाट लिएको लक्ष्य अनुरुप आर्थिक वर्ष २०८१।०८२ भित्र नर्सिङ कलेज तथा पारामेडिक्स कोर्स सञ्चालन गरिनेछ।

२. उद्यमशीलताको विकास तथा रोजगारी सिर्जना गर्न विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन गर्ने नीति लिइनेछ।

३. नगरपालिका क्षेत्रमा रहेका सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमबाट पठनपाठन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

४. विद्यालय शिक्षालाई गुणस्तरीय, संस्कारी, जीवनोपयोगी, प्रतिस्पर्धी र प्रविधि मैत्री बनाउँदै लगिनेछ।

५. नतिजाका आधारमा उत्कृस्ट विद्यालय, शिक्षक र विद्यार्थीलाइ पुरस्कृत गर्ने नीति लिइनेछ।

६. सामुदायिक विद्यालयको शिक्षामा गुणस्तर सुधार गर्न विश्व विद्यालयसँग समन्वय गरी कक्षा कोठामा आधारित निरीक्षण र तालिमलाई सँगसँगै लग्ने नीति लिईनेछ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

७. विद्यार्थीको प्रतिभा पहिचान गर्न तथा अतिरिक्त कृयाकलाप सञ्चालन गर्नका लागि नगरपालिका स्तरमा अतिरिक्त विषय शिक्षकको व्यवस्थापनलाई निरन्तरता दिईनेछ।

८. स्थानीय पाठ्यक्रम निर्माण कार्य सम्पन्न गरी कक्षा ८ सम्म कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

९. नेपाल भाषामा पाठ्यपुस्तक तयार गरी अध्ययन अध्यापनको व्यवस्था मिलाइनेछ।

१०. मध्यपुर थिमि नगरपालिकालाई शैक्षिक गन्तव्य र एक्काईसौं शतब्दीको ज्ञान-विज्ञान केन्द्र बनाउने उद्देश्य सहित एक दीर्घकालिन परियोजना अगाडि बढाइनेछ।

११. उच्च शिक्षाका कार्यक्रमहरु संचालन गर्न नेपाल सरकारद्वारा स्थापित उपयुक्त विश्वविद्यालयसँग सहकार्य गर्नेछ र आवश्यक पूर्वाधारको लागि संघ र प्रदेश सरकारको सहकार्यमा भौतिक, आर्थिक तथा मानवीय श्रोत परिचालन गर्नेछ।

१२. नगर क्षेत्रभित्र शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा काम गर्ने गैरसरकारी संघ/संस्था एवं निकायहरुको अनुगमन तथा नियमन गरी कानूनी दायरामा ल्याइनेछ।

१३. ई-लाइब्रेरी सहितको पुस्तकालय स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिनेछ।

१४. शैक्षिक नीति र शिक्षाको रणनीतिक योजना तर्जुमा गरिनेछ।

१५. ICT शिक्षामा जोड दिंदै सामुदायिक विद्यालयहरुमा डिजिटल प्रविधिवाट कक्षा संचालन गर्ने नीति लिईनेछ ।

१६. सामुदायिक विद्यालयहरुमा शौचालय सरसफाई कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।

१७. शिशु स्याहार केन्द्र क्रमशः सवै वडामा विस्तार गर्दै लगिनेछ।

१८. शैक्षिक गुणस्तर परीक्षण गर्ने एवम् सामुदायिक विद्यालयका विद्यार्थीहरुको परीक्षा केन्द्रीकृत रुपमा सञ्चालन गर्ने नीति लिईनेछ।

१९. शिक्षाको गुणस्तर विकासलाई मध्यनजर गरी सामुदायिक विद्यालयमा पुर्व प्राथमिक तह (ECD) शिक्षालाई दुई वर्षको बनाई थप एक सहयोगी शिक्षक उपलब्ध गराउने नीतिलाई निरन्तरता दिईनेछ।

२०. विषयगत शिक्षक नभएका विद्यालयहरुमा विषयगत शिक्षक उपलब्ध गराउने नीति लिइनेछ।

युवा तथा खेलकुद

१. प्रदेश तथा संघीय सरकारसँगको सहकार्यमा वडा नं. २ मा रहेको मध्यपुर खेलकुद मैदानको पूर्वाधार विकास गरिनेछ।

२. सार्वजनिक स्थानमा खुल्ला व्यायामशाला सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

३. "खेलकुद युक्त पूर्वाधार, स्वस्थ जीवनको आधार" भन्ने मूल नाराका साथ समग्र खेलकुद क्षेत्रको विकासका लागि वडा तथा नगर खेलकुद विकास समिति गठन गरिनेछ।

४. युवा तथा खेलकुदका कार्यक्रममा क्लब र सामुदायिक संघ-संस्थालाई सक्रिय र जिम्मेवार बनाउन साझेदारीका कार्यक्रम अगाडि बढाइनेछ।

५. यस नगरपालिका अन्तर्गत रहेका प्रस्तावित खेलकुद मैदानमा पूर्वाधार निर्माणको कार्य अगाडि बढाइनेछ।

६. खेलकूद विकास समिति निर्माण गरी खेलकूद क्षेत्रको विकास गर्दै लगिने नीति लिईनेछ।

७. विद्यालयस्तरबाटै खेलकुद विकास कार्यक्रमहरु सञ्चालन गर्दै लगिनेछ।

८. वडा नं ९ लोखापाटी स्थित सार्वजनिक जग्गाको संरक्षण गरी खेल कभर्ड हल निर्माण गरिनेछ।

महिला बालबालिका तथा सामाजिक समावेशीकरण

१. समाजिक न्याय तथा समताका आधारमा सामाजिक समावेशीकरणलाई थप प्रभावकारी बनाइनेछ।

२. स्वरोजगार, रोजगारी र उद्यमशील कार्यक्रमका माध्यमबाट महिलाको आर्थिक सशक्तिकरणमा जोड दिईनेछ।

३. बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

४. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धी सेवा प्रवाहलाई थप जवाफदेही, पारदर्शी र प्रभावकारी बनाइनेछ।

५. अपाङ्गता मैत्री सेवा प्रवाह र संयन्त्रको सवलीकरण गर्दै लगिनेछ।

स्वास्थ्य

१. जनसंख्या र रोग भारको आधारमा आधारभूत स्वास्थ्य सेवामा लगानी वृद्धि गर्दै लगिनेछ।

२. आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन सामुदायिक स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयम सेविका, स्वास्थ्य आमा समूह जस्ता विध्यमान "सामुदायिक स्वास्थ्य प्रणाली" लाई थप क्रियाशिल बनाउदै आधारभूत स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गरिनेछ।

३. महिला तथा किशोर किशोरीलाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि शिक्षा सञ्चालन गरी चेतना अभिवृद्धि गरिनेछ।

४. निःशुल्क स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

५. सर्ने तथा नसर्ने रोगहरुको नियन्त्रण तथा रोकथामका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।

६. क्षयरोग मुक्त पालिका घोषणा गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

७. पाठेघर र स्तन क्यान्सर तथा पाठेघर खस्ने लगायतका रोगको नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालमा निःशुल्क परीक्षणको व्यवस्था मिलाइनेछ।

८. नगरवासीहरुको शारीरिक, मानसिक तथा अध्यात्मिक स्वस्थताको प्रवर्द्धन गरिनेछ।

९. ६० बर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुलाई प्रत्येक महिना प्रत्येक वडाको स्वास्थ्य संस्था, नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालमा स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइनेछ।

१०.नागरिक आरोग्य कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ साथै थप आरोग्य केन्द्रहरु सञ्चालन गर्ने नीति लिईनेछ।

११.आयुर्वेद चिकित्सा पद्धति मार्फत पुर्वकर्म/पञ्चकर्म संचालन तथा व्यवस्थापन गरिनेछ।

१२.योग सेवा तथा स्वस्थ जीवनशैलीलाई प्रवर्द्धन गर्नका लागि योग साधना केन्द्रसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।

१३.मध्यपुर थिमि नगरपालिकामा होमियोप्याथिक चिकित्सा पद्धति सञ्चालनमा ल्याइनेछ।

आर्थिक विकास

कृषि विकास

१. आधुनिक प्रविधिको प्रयोगबाट स्वस्थ बालीको उत्पादकत्वमा अभिवृद्धि गर्दै कृषकको आय आर्जन तथा रोजगार सृजनाका लागि आवश्यक नीति लिईनेछ।

२. कृषि बालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न मल/बीउविजन/प्रविधि/तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

३. कौशी खेतीलाई प्रभावकारी बनाउन प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४. कृषिमा भैरहेको अनियन्त्रीत रासायनिक मल र विषादी प्रयोगलाई व्यवस्थित र न्यूनीकरण गर्दै लगिनेछ।

५. सूचीकरण भएका कृषकहरुलाई व्यवस्थित गरिदै लगिनेछ।

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७२

पशुपन्छी विकास

१. "स्वच्छ मासु, स्वस्थ जीवन" भन्ने नारा सहित पशु वधस्थललाई वैज्ञानिक र व्यवस्थित ढङ्गबाट संचालनमा निजी क्षेत्रसँग सहकार्य गरिनेछ।

२. नगरपालिका क्षेत्रभित्र छाडा चौपाया छोड्ने कार्यलाई नियमन गर्दै सामुदायिक कुकुरलाई व्यवस्थित गर्न रेविज भ्याक्सिन र बन्ध्याकरण कार्यलाई निरन्तरता दिइनेछ।

३. पशुपालन क्षेत्रको विकासमा कृषक समूह/समिति/सहकारी/गैह सरकारी संघ/संस्थासँग साझेदारी गरिनेछ।

४. पशुधनको क्षति न्यूनीकरणको लागि रोग नियन्त्रण खोप कार्यक्रम संचालनमा जोड दिइनेछ।

५. पशुजन्य महामारी नियन्त्रण गर्न जनचेतनामूलक कार्यक्रमहरू संचालन गरिनेछ।

६. घरपालुवा जनावरहरुलाई सूचीकृत गर्ने व्यवस्था मिलाइनेछ।

उद्योग तथा रोजगारी प्रवर्द्धन

१. लघु उद्यम तथा स-साना घरेलु उद्योगहरूको स्थापनामा समुदाय एवं निजी क्षेत्रलाई प्रोत्साहित गर्ने र त्यस्ता उद्योगलाई वातावरण अनुकूल बनाउन जोड दिइनेछ।

२. बजारको मागमा आधारित स्वरोजगार सृजना हुने उद्यम सञ्चालनलाई प्रोत्साहन गर्न बजार केन्द्रहरूमा लघु उद्यम कार्यक्रमहरू सञ्चालन गरिनेछ।

३. नगरपालिका क्षेत्र भित्र सञ्चालित घरेलु तथा साना उद्योगलाई प्रवर्द्धन र बजारीकरण गर्दै लगिनेछ।

४. परम्परागत क्षेत्रमा सञ्चालनमा रहेका पुराना पेशाहरुको संरक्षणको लागि पर्यटकीय सांस्कृतिक उद्योगग्रामको रुपमा विकास गरिनेछ।

५. गरीव, विपन्न, आर्थिक अवस्था कमजोर भएका व्यक्ति र लक्षित वर्गलाई स्वावलम्वी र सम्मानयुक्त बन्ने वातावरण सिर्जना गर्न आय आर्जन, सीप विकास र क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ।

६. सीप विकास तालिम प्राप्त गरी समुहगत रुपमा आय आर्जन कार्य गर्न इच्छुक समुहलाई भौतिक पूर्वाधार तथा उपकरण सहयोग गरिनेछ।

७. नगरपालिका भित्र असंगठित अवस्थामा रहेका श्रमिकहरुको लगत तयार गरिनेछ।

८. नगरपालिकामा श्रम डेक्स सञ्चालनमा ल्याइनेछ।

९. सूचीकृत भएका वेरोजगारहरुलाई नगरपालिकाको समग्र विकास कार्यमा प्राथमिकताका साथ काम गर्ने अवसर प्रदान गरिनेछ।

स्थानीय सरकार
१७ अध्यपुर थिमि नगरपालिका
२०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

वित्त तथा सहकारी

१. नगरक्षेत्रमा नयाँ खुल्ने सहकारी संस्थाको ईजाजत जारी र नवीकरण तथा सहकारी संस्थाबाट हुने वित्तीय जोखिमको न्यूनीकरणका लागि नियमित अनुगमन र सुपरिवेक्षणका साथै तालिमहरुको व्यवस्था गरिनेछ।

२. नगरभित्र विभिन्न टोल, बस्तीमा कृषक समूह, महिला समूहहरूले समूह निर्माण गरी दैनिक तथा मासिक बचत गर्दै आएको समूहको आम्दानी, खर्च र लगानीलाई संस्थागत गरी सहकारीताको अभियानलाई अगाडि बढाउन प्रभावकारी सहकारी शिक्षा सञ्चालन गरिनेछ।

३. सहकारी संस्थासँगको सहकार्यमा स्थिरीकरण कोष र ऋण सूचना केन्द्र सञ्चालनमा ल्याइनेछ।

४. दर्ता भई सञ्चालनमा नआएका सहकारी संस्थालाई खारेजी गर्ने र एकै प्रकृतिका संस्थाहरु एक आपसमा एकीकरण गर्न अभिप्रेरित गरिनेछ।

५. सहकारी संस्थाहरुलाई आर्थिक, सामाजिक एवम सांस्कृतिक उन्नयनका लागि मठमन्दिर, पाटीपौवा, कुवा, वाटो, पार्क, हरियाली प्रवर्द्धन आदि निर्माण कार्यमा समेत सहभागिता गराईनेछ।

संस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्धन

१. मध्यपुर थिमि क्षेत्रका टोल बस्तीको मौलिक स्थान नाम अभिलेखीरकण एवं पुनःस्थापन अभियानलाई निरन्तरता दिइनेछ।

२. जन्म देखि मृत्युपर्यन्त सम्पन्न गरिने विभिन्न संस्कारहरु एवं सांस्कृतिक जात्रा चाडपर्वहरुमा आवश्यक वनस्पति जन्य वस्तुहरुका लागि वडा नं ४ स्थित दुनेगः, कुतुङ्ग डाडाँमा संस्कृति सम्वद्ध वनस्पति वगैँचा निर्माण गरिनेछ।

३. मूर्त अमूर्त सम्पदाहरुको संरक्षण, प्रवर्द्धन, अभिलेखीकरण तथा सम्वर्द्धनको नीति लिईनेछ।

उपस्थित नगरसभा सदस्यज्यूहरु,

अन्तमा मध्यपुर नगर सरकारको सम्वृद्धिको अभियानमा आ–आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गरी आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम तयार गर्न उचित राय, सल्लाह, सुझाव दिने बजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्य, तथा सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवि, नागरिक समाज, पत्रकार, नीजि तथा सहकारी क्षेत्र, विभिन्न संघ संस्थाबाट सकारात्मक राय, सुझाव, पृष्ठपोषण र सहयोग प्रदान गर्नु हुने सम्पुर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

सुरेन्द्र श्रेष्ठ
प्रमुख

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं २ : २०८१ साल असार १० गते सोमवार बिहानः ८.०० बजे कृषि बिकास बैंक केन्द्रीय तालिम परिषद सिन्टिटार ,बोदेमा बस्ने दशौ नगर सभाको अधिवेशनमा नगरउप प्रमुखबाट सम्बोधित हुने आ.व. २०८१।०८२ को योजना , बजेट देहाय बमोजिम हुने गरी स्विकृतका साथ नगर सभामा सिफारिस गर्ने निर्णय गरियो।

देहाय

आजको यस मध्यपुर थिमि नगरपालिकाको दशौ नगरसभाका सभाध्यक्षज्यु, नगरसदस्यज्युहरु, सचिवज्यु लगायत राष्ट्रसेवक कर्मचारी मित्रहरु।

नेपालको सविंधान २०७२ को सुन्दरतम, सवल पक्ष समानुपातिक, समावेशी राज्यप्रणाली, संघीयता सहितको अधिकार सम्पन्न स्थानीय सरकार पनि हो। जनतालाई आफ्नै घरदैलोमा सेवा सुविधा पुर्याउने, अधिकार सम्पन्न बनाउने उद्देश्यबाट प्रेरित भएर ब्यवस्थापिका, न्यायपालिका, कार्यपालिका सहितको स्थानीय सरकारको ब्यवस्था भएकोछ। यस नगरसभा बाट हाम्रो लागि हामीले नै हाम्रो आवश्यकता अनुरुप प्राथमिकता क्रम निर्धारण गरी नीति तथा कार्यक्रम, वजेट, आर्थिक ऐन, ऐन कानुन निर्माण तथा स्थानीय सरकार संचालन संग सम्बन्धित अन्य विषय माथि छलफल गरी पारित गर्दैछौं। देशलाई यो उपलब्धि, अधिकार दिलाउन, जनयुद्ध, जनआन्दोलनमा सहभागी जनाउने क्रममा हजारौं नेपाली सपूतहरुले आफ्नो जीवनको बलिदान दिनु भएकोछ। म आज सम्पुर्ण ती वीर शहिदहरु प्रति भाव पुर्णश्रद्धाञ्जली अर्पण गर्दै बेपत्ता, घाईते रहनु भएका सम्पुर्ण वीर योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दै उहाँहरुको सकुशलता तथा स्वास्थ्य लाभको कामना गर्न चाहन्छु।

आदरणीय सभाध्यक्ष तथा सदस्यज्युहरु,

आजको यस गौरवमय सभामा मध्यपुर थिमि नगरपालिकाका जनताहरुको समृद्ध नगर बनाउने जनआकांक्षा कार्यान्वयन गर्न मध्यपुर थिमि नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को वजेट, आय र व्ययको अनुमान नेपालको संविधानको धारा २३० अनुरुप प्रस्तुत गर्न पाउदा आफुलाई गौरवान्वित महसुश गरेको छु।

मध्यपुर थिमि नगरपालिकालाई आर्थिक रुपमा समृद्ध बनाउन, रोजगारी सृजना गर्न, शिक्षा, स्वास्थ्य मा जनताको सहज पहुँच सुनिश्चित गर्न,मुर्त-अमुर्त सम्पदा संरक्षण गर्न, पर्यटन उद्योगमा रहेको सम्भावना कार्यान्वयनमा ल्याई रोजगारी सृजनागर्न, जनताको विकासको ईच्छा, आवश्यकता पुर्ति गर्न, प्राथमिकता अनुरुप समानुपातिक रुपमा वजेट विनियोजन गरिएको छ ।

मध्यपुर थिमि नगर तथा जनतालाई आर्थिक रुपमा सम्पन्न बनाउने नीति अनुरुप दीर्घकालीन योजनाहरु तय गरी स्थानीय सरकार मध्यपुर थिमि नगरपालिकाले कार्यान्वयन गर्दै आईरहेकोछ । यस्ता योजनाहरुलाई यो वर्ष पनि निरन्तरता दिई हाम्रो कार्यकाल सम्म उपलब्धि पस्किने अवस्थामा पुर्याउने नीति अनुरुप नगरका प्राथमिकताका योजनाहरुमा आवश्यक वजेट विनियोजन गरिएकोछ ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

त्यस्तै स्वास्थ्यका क्षेत्रमा मध्यपुर थिमि नगरपालिकाले दीर्घकालीन सकारात्मक असर पुग्ने योजनाहरु तय गरी अगाडि बढेकोछ । निःशुल्क रक्त सेवा, जेष्ठ नागरिक स्वास्थ्य बिमा सेवा,नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालको सुधार तथा व्यवस्थापन, स्वास्थ्य सम्बन्धि शिबिर तथा कार्यक्रमहरु, शहरी स्वास्थ्य क्लिनिकहरुको स्तरोन्नति, निशुल्क औषधी बितरण जस्ता लोक कल्याणकारी कार्यहरू मार्फत भरपर्दो सहज, सरल स्वास्थ्य सेवा उपलब्ध गराउने नीति अनुरुप वजेट विनियोजन गरी योजना कार्यान्वयन गर्दै आएका छौं। जुन योजनाबाट प्राप्त उपलब्धिको जनताले मुक्तकण्ठले प्रशसा गर्ने गरेकोछ ।

शिक्षामा सबैकोप हुँच सुनिश्चित गर्न निशुल्क शिक्षा अभियानलाई सार्थक बनाउन सामुदायिक विद्यालयको सुधार, व्यवस्थापनका लागि वजेट व्यवस्थापन गरेकाछौं । जसमा भवन निर्माण, मर्मत, पुर्वाधार बिकास, शिक्षक, कर्मचारी तथा अतिरिक्त शिक्षकको व्यवस्थापन, विद्यालय सरसफाई, निशुल्क पुस्तक बितरण जस्ता धेरै कार्यहरुको लागि आवश्यक वजेट विनियोजन गर्दै कार्यान्वयनमा ल्याएकाछौं ।

जनतालाई स्थानीयस्तरमा प्रदान गर्नुपर्ने न्यायिक अधिकारको सहज उपलब्धता, महिला सशक्तीकरण तथा अधिकार, अपांगता भएका व्यक्तिहरुको अधिकार, जेष्ठनागरिक, बालबालिका, एकल महिलाहरुको अधिकार,नागरिकको विकास निर्माण सम्बन्धित अधिकार सुनिश्चित गराउन स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका सचेत भई आवश्यक कार्यक्रम तथा वजेट तर्जुमा गरी अगाडी बढेकाछौं ।

स्थानीय सरकारलाई प्राप्त अधिकारको कार्यान्वयन मार्फत कानुनी राज्यको प्रत्याभूति दिलाउन, सुशासन कायम गर्न, सेवाप्रवाहलाई सरलीकृत तथा प्रभावकारी बनाउन, ऐन कानुन, कार्यविधिहरु को निर्माण तथा जनशक्ति व्यवस्थापनका लागि संगठन पुनः संरचना (O&M) गरी जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहमा सहजता प्रदान गर्ने कोशिसका साथै वजेटको उच्चतम सदुपयोग मार्फत समृद्ध मध्यपुर बनाउने अभियानमा हामि अगाडी बढेका छौं ।

आदरणीय सभाध्यक्ष तथा सदस्यज्युहरु,

अब म मध्यपुर थिमि नगरपालिकाको तीन वर्षको आन्तरिक आयको अवस्था प्रस्तुत गर्न अनुमति चाहन्छु। हाल देश आर्थिकरुपमा अनुकूल नभएको अवस्था छ । जसको परिणाम नगरपालिकाले केन्द्र सरकारबाट प्राप्त हुनुपर्ने समानीकरण अनुदानमा २५.८९ प्रतिशत वजेट कटौती भएबाट पुष्टि भएको छ। यस्तो प्रतिकूल अबस्थामा पनि मध्यपुर थिमि नगरपालिकाले आन्तरिक आयलाई वृद्धि गर्दै अगाडी बढेको अवस्था छ । राजश्व परामर्श समितिले करको दायरा बिस्तार गर्न सिफारिस गरेको नीतिको कार्यान्वयनले मध्यपुर थिमि नगरपालिकाको आयमा सुधार आएको छ ।

आर्थिकवर्ष२०७८/०७९ माआन्तरिक आय१८,४५,९४,६६७ (अक्षरुपी अठार करोड पैतालीस लाख चौरानब्बे हजार छसय सतसाठी रूपैंया मात्र) थियो,त्यस्तै०७९/८०मा२४,१३,३८,७४७ (चौबीस करोड तेह्रलाख अठतीस हजार सातसय सतचालीस रूपैंया मात्र) थियो भने चालु आर्थिक वर्षको असार ८ गते सम्मको हाम्रो आन्तरिक आय २६,९२,४२,०१८ (छब्बीस करोड बयानब्बे लाख बयालीस हजार अठार रूपैंया मात्र) रहेकोछ। जुन आर्थिकवर्ष ०७८/७९ भन्दा ४५.८५% बढी र आर्थिक वर्ष २०७९/०८० भन्दा ११.५६% बढीरहेकोछ। यो

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सूचकले नगरपालिकाको आन्तरिक आयमा बढोत्तरी भैरहेको, करको दायरा विस्तार भईरहेको पुष्टि हुन्छ। त्यसलाई अझ सुधार गर्न यो बर्ष देखि घर बहाल करलाई बहुदर प्रणाली लागू गरी आवाशीय प्रयोजनको लागि ५ प्रतिशत र व्यवसायिक प्रयोजनको लागि १० प्रतिशत दर कायम गर्ने नीति लिएकाछौं । त्यस्तै चालु आ.ब.को हालसम्मको आयमा कर आय ६२.७७ प्रतिशत र गैरकर आय ३७.२३ प्रतिशत रहेको छ । यो आंकडाले नगरपालिकाको financial health राम्रो भएको देखाएको छ । आगामी दिनमा कर तथा गैरकर अनुपात ८०:२० मा पुर्याउने उद्देश्यकासाथ अगाडि बढ्नुपर्ने देखिन्छ।

राजश्व संकलन केन्द्र अनुसार आ.ब. २०८०।०८१ असारको पहिलो हप्ता सम्म सङ्कलित राजस्व :–

क्र.सं	राजस्व संकलन केन्द्र	संकलित रकम रु	प्रतिशतमा
१	वडा नं. १ कार्यालय	२,४९,४९,४८२.२०	९.२७ %
२	वडा नं. २ कार्यालय	२,१२,४८,०७५.८३	७.८९ %
३	वडा नं. ३ कार्यालय	४,०३,४१,४८४.६७	१४.९८ %
४	वडा नं. ४ कार्यालय	१,७०,३२,८६४.००	६.३३ %
५	वडा नं. ५ कार्यालय	३,६४,४१,६२१.६३	१३.५३ %
६	वडा नं. ६ कार्यालय	६७,५२,७९६.९८	२.५१ %
७	वडा नं. ७ कार्यालय	५८,४९,७८५.५७	२.१७ %
८	वडा नं. ८ कार्यालय	९०,०६,५२०.८८	३.३५ %
९	वडा नं. ९ कार्यालय	१,३८,८६,५०६.९५	५.१६ %
१०	राजस्व शाखा	९,३७,३२,८७९.९८	३४.८१ %
जम्मा		२६,९२,४२,०१८	१००%

मध्यपुर थिमि नगरपालिकाको चालु आर्थिक वर्ष २०८०।८१ को कुल वजेट ३ अर्ब १३ करोड ६० लाख ३४ हजार २ सय थियो जस मध्ये न.पाले संचित कोषवाट खर्चिने गरि १ अर्ब ७० करोड ७७ लाख ५९ हजार २ सय मात्रै वजेट विनियोजन भएको थियो।

न.पाको चालु आर्थिक वर्षमा पुँजीगत तर्फ १ अर्ब २ करोड ३० लाख १ हजार ४ सय मध्ये हाल सम्म ४१ करोड ४७ लाख ५ हजार २ सय, ४०.५४ प्रतिशत खर्च भएको अवस्था छ सम्झौता अनुसारको सबै योजना सम्पन्न भई नसकेको हुँदा चालु आर्थिक वर्षको अन्त्य सम्म थप खर्च हुने अवस्था छ। चालुतर्फ ६८ करोड

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

४७ लाख ५७ हजार मध्ये ३९ करोड ४७ लाख ९४ हजार, ५७.६५प्रतिशत खर्च भएको अवस्था छ। अनुमानित व्यय तपसिल बमोजिमको योजनामा भएको तथा उपलब्धि प्राप्त भएकोछ ।

सि.नं.	क्षेत्र	विनियोजन	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	१२४३४००००	६२९०९२६४	४९.७९
२	सामाजिक विकास	५८८०३५२००	३११८१२२०९	५३.०३
३	पूर्वाधार विकास	७३०३४५९५५	२८३५५८५६६	३९.२४
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२६८६९०००	७३९८८५३	२७.५४
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	२३६१६९०००	१४०८१०८७९	५९.६२

जुन योजना सञ्चालनबाट प्राप्त उपलब्धिहरु:

१. सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी, व्यवस्थित तथा नतिजामूलक बनाउन नगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि जग्गा खरिद गरीDPRनिर्माण गर्नेतयारीको चरणमा रहेकोछ।

२. सार्वजनिक सेवा प्रवाहलाई सहज, सरल, नतिजामूलक, गुणस्तरीय बनाउदैं कर्मचारीहरुको वृत्तिविकासका लागि गरिएको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) को आधारमा संस्थागत संरचना अनुरुप कर्मचारीहरुलाई व्यक्तिगत कार्य विवरण दिई कार्य सम्पादन सम्झौता गरी थप जिम्मेवार र जवाफदेही बनाइएकोछ।

३. नगरपालिकाबाट प्रवाह गरिने सेवालाई व्यवस्थित, प्रभावकारी, पारदर्शी र जनमैत्री बनाउनका लागि आवश्यकताका आधारमा ऐन, नियमावली र कार्यविधि समेतनिर्माण गरी कार्यान्वयनमा ल्याइएको अवस्था छ।

४. यसै वर्ष देखि नगरपालिकाले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) र वित्तीय सुशासन जोखिम मूल्याङ्कन(FRA) गरी उत्कृष्ट अंक हासिल गर्न सफल भएको छ।

५. नगरप्रहरी परिचालन मार्फत बजार, फुटपाथ व्यवस्थापन गरी शहरी सौन्दर्यता कायम गर्ने प्रयास भईरहेको।

६. मध्यपुर थिमि नगरपालिका सामाजिक सुरक्षा कोपमा आवद्ध हुने निर्णय भए बमोजिम कार्यान्वय प्रक्रियमा रहेको।

७. सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी तथा सुशासन प्रवर्द्धन गर्नको लागि ई-सिफारिसको व्यवस्था गरिएको।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

८. न्यायीक समिति लाई थप व्यवस्थित गर्नको लागि सफ्टवेयर निर्माण गरी प्रणाली लागु भएको।

९. व्यवसाय दर्ता अभियान मार्फत कर संकलन, करको दायरा विस्तार लगायतका कार्यबाट राजस्व संकलनमा वृद्धि भएको छ।

१०. सार्वजनिक सेवा, विकास निर्माण लगायतका जनताको आवश्यकताहरु सम्बोधन गर्न बजेट प्रमुख साधन हो अत आन्तरिक आय वृद्धि गर्न नपाबाट विभिन्न करको दायरा विस्तारको योजनाहरु अगाडि बढाइएको।

११. नगर क्षेत्रका शैक्षिक संस्थाको गतिविधिमा एकरुपता कायम गर्न शैक्षिक क्यालेन्डर निर्माण गरी कार्यन्वयनमा ल्याईएको छ।

१२. सामुदायिक विद्यालय सुधारका लागि भवन निर्माण, दरवन्दी व्यवस्थापन, एकीकृत दिवा खाजा कार्यक्रमका लागि केन्द्रीकृत भान्सा घरको पूर्वाधारको निर्माण, प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गरिएको।

१३. खेलकुद क्षेत्रको विकासको लागि मध्यपुर वडा लिग, विद्यालयस्तरीय फुटबल प्रतियोगिता, ग्रासरुट फुटबल प्रशिक्षण तथा प्रतियोगिता, राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, उपत्यका व्यापी मेयर कपमा तेस्रो स्थान हासिल गर्न सफल भएको, अपाङ्गता भएका व्यक्तिहरुको खेलकुद प्रतियोगिता (Wheel Chair Basketball, Wheel Chair Tennis) आयोजना गरिएको थियो।

१४. नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालको स्तरोन्नती गरी CT Scan,Dialysis सेवा सञ्चालनका पूर्वाधार व्यवस्थापनका साथै अस्पतालको आर्थिक अवस्था चुस्त, आत्मनिर्भर बनाइएको।

१५. नेपाल कोरिया मैत्री नगरपालिकाअस्पतालको सुविधा सम्पन्न पूर्वधार निर्माणका लागि कोरियन सरकारसँग सम्झौता भई १ अर्ब २५ करोडको टेण्डर आव्हान भईसेकेको।

१६. निःशुल्क रक्त सेवा सञ्चालनमा ल्याइएको।

१७. ब्लड बैंक स्थापना गर्न लायन्स क्लब सँग सम्झौता भई ब्लड बैंकको लागि पूर्वाधार निर्माणको चरणमा रहेको।

१८. बालश्रम नियन्त्रण, बालबालिका उद्दार, बालबालिका संरक्षणको कार्य गरिएको।

१९. महिला, बालबालिका, जनजाति, आदिवासी, दलित तथा पिछडिएका वर्ग तथा समुदायलाई सशक्तीकरणका लागि क्षमता विकास तालिम सञ्चालन गरिएको।

२०. बाबुआमा विहिन ६ जना बालबालिकाहरुलाई संरक्षण गरिएको।

२१. २०६ जना जेष्ठ नागरिक र २३ जना अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्र वितरण गरिएको।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७२

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

२२. सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका ४७२६ जना लाभग्राहीहरुलाई सहज तथा व्यवस्थित रुपमा बैंक तथा घर दैलो मार्फत भत्ता वितरण गरिएको।

२३. नगरपालिका क्षेत्र भित्र मनाईने ऐतिहासिक एवम् सांस्कृतिक जात्रा,चाड पर्व र नाचहरुलाई राष्ट्रिय र अन्तरराष्ट्रिय स्तरमा परिचित गराई पर्यटन प्रवर्द्धनलाई थप प्रभावकारी बनाउन विभिन्न सञ्चार माध्यमवाट प्रत्यक्ष प्रशारण गरिनुका साथै विभिन्न नगरपालिकाका जनप्रतिनिधिहरुर विभिन्न देशका राजदुत तथा कुटनीति नियोगका प्रमुख एवम प्रतिनिधिहरुलाई जात्रा चाड पर्व र नाचको अवलोकन गर्ने व्यवस्था मिलाईएको थियो।

२४. दुनेगः देखि सिद्धिकाली सम्म सम्पदा पद मार्ग निर्माण कार्य अगाडि बढाइएको।

२५. पर्यटन प्रवर्द्धनको लागि मध्यपुर पर्यटन विकास समितिसँगको सहकार्यमा वः फेस्टिवल तथा ग्रिन एग्रो एक्पो आयोजना गरिएको।

२६. पर्यटन प्रवर्द्धन तथा संस्कृति जगेर्नार्थ धिमे बाजा प्रतियोगिता, बासुरी बाजा प्रतियोगिता, भजन प्रतियोगिता तथा औधोगिक मेला आयोजना गरिएको।

२७. संस्कृति सम्पदा संरक्षणमा नगरपालिकाले मूर्त सम्पदाहरु मठ मन्दिर पाटी पौवा लगायत अमूर्त सम्पदाहरुको संरक्षणको लागि वजेट विनियोजन गरिएको।

२८. मौलिक लोपोन्मूख दाफा भजन प्रशिक्षणका लागि आवश्यक पहल गरिएको।

२९. मध्यपुर थिमि नगरपालिकाको मौलिकता संरक्षणको लागि परम्परागत स्थान नामहरुको संकलन तथा प्रतिस्थापन कार्यको शुभारम्भ सम्माननीय प्रधानमन्त्रीवाट भएको साथै मौलिक स्थान नाम सम्बन्धी रणनीतिक कार्ययोजना तय भएको।

३०. जात्रा, पर्व धर्म संस्कृतिलाई व्यवस्थित तथा निरन्तरता दिन आवश्यक सहयोग समन्वय गरिएको।

३१. अरनिको राजमार्गमा सौन्दर्यकरणको लागि ओभरहेड पुलहरुमा मध्यपुरको संस्कृति झल्किने परम्परागत भित्ते चित्र कोरिएको।

३२. मध्यपुर थिमि नगरपालिकाको वडा नं ५ स्थित नायगा परिसरमा सांस्कृतिक उद्योगग्राम निर्माण गर्न सरसफाई गरी सार्वजनिक जग्गा सिमाङ्कनको कार्य सम्पन्न भएको।

३३. प्रत्येक वडामा समानुपातिक रुपमा वजेट विनियोजन गरी विकास निर्माणको काम द्रुत गतिमा अगाडि बढाइएको।

३४. वस्ती विकासलाई व्यवस्थित गर्नको लागि भवन निर्माण रोक्का रहेको क्षेत्रहरुको सम्बन्धमा सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त भईसकेको।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

३५. महालक्ष्मी मन्दिर तथा भाँगु वस्ती संरक्षणका लागि भाँगुमा पाइलिङ सहितको शेरवाल निर्माण गरिएको।

३६. वडा नं. २ सानोठिमीमा सार्वजनिक शौचालय निर्माण कार्य भईरहेको तथा सानोठिमी मूल सडकलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न DPR अनुरुप कार्य भईरहेको।

३७. टोल बस्ती, सडक, साँस्कृतिक महत्वका सम्पदा र चोकहरुमा शान्ति सुरक्षाको व्यवस्था गर्न र दुर्घटना न्यूनीकरणका लागि सडक बत्ती र सिसि क्यामेरा जडान कार्यलाई निरन्तरता दिईएको छ।

३८. चालु आ.व.को मिति २०८१।०३।०९ गते सम्ममा कालोपत्रे ३.३ कि.मि., ग्राभेल ४९१ मि, बाटो ढलान ढुङ्गा छपाई ७५१२ वर्ग मिटर, ढल ३ किमि, खानेपानी पाईपलाइन ११०० मि, पहिरो नियन्त्रण ६ स्थानमा, बाटो सिमाङ्कन बाटो खोलेको तथा बाटो फराकिलो गरेको २५ स्थानमा, पाटी,पौवा, सतल, मठ मन्दिर २१ वटा निर्माण, सामुदायिक क्रियापुत्री भवन लगायत अन्य भवन १३ वटा, बगैँचा १० वटा, मसानघाट ३ वटाकार्य सम्पन्न भएको छ र निर्माणाधीन एवम् अन्तिम भुक्तानी नभएका योजनाहरुको प्रगति यसमा समावेश गरिएको छैन।

३९. नगरपालिकाको नक्शाको अभिलेख सुरक्षित राख्न वि.सं. २०७५ सम्मका घर जग्गाको नक्शा पासका आवश्यक कागजातहरु विद्युतीय माध्यमवाट अभिलेखीकरणको काम सम्पन्न भईसकेको।

४०. मध्यपुर थिमि नगरपालिकाको आयोजनामा पहिलो पटक सहकारी दिवस प्रभातफेरी गरी भव्य रुपमा मनाईएको।

४१. सहकारी संस्थाहरुलाई सवल सक्षम वनाउन कर्मचारी तथा सञ्चालकहरुलाई आवश्यक तालिमको प्रदान गरिएको।

४२. सहकारी संस्थालाई सुरक्षित वनाउन २० लाखको स्थिरीकरण कोष सञ्चालनमा ल्याईएको।

४३. सहकारी क्षेत्रलाई सुरक्षित वनाउन स्थानीय सहकारी ऐनमा व्यवस्था भए अनुरुप नगर कार्यपालिकाबाट वडा नं ३ स्थित कृषि विकास वचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई समस्याग्रस्त घोषणा गरी आवश्यक प्रक्रिया अगाडि वढाइएको।

४४. कृषि क्षेत्र मार्फत रोजगारी सिर्जना तथा उत्पादकत्व वृद्धिका लागि बिउमा अनुदान, कृषि सामग्रीहरु वितरण, माटो परीक्षण, कृपक सूचीकरण लगायतका कृषि सम्बन्धी कार्य अगाडि वढाइएको।

४५. पशुपन्छी व्यवसायलाई प्रभावकारी वनाई उत्पादकत्व वृद्धि गर्न अनुदान तालिम र रोग परीक्षण खोप तथा बन्ध्याकरण सेवा प्रदान गरिएको।

